कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

बैठक नं. ३.

आज मिति २०७७/०५/०४ गतेका दिन कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | लुटवहादुर रावत | नगर प्रमुख | |
| २ | सन्जुकुमारी चौधरी | सदस्य | |
| ३ | गोपीलाल खनाल | सदस्य | |
| ४ | कर्णसिंह वुढा क्षेत्री | सदस्य | |
| ५ | माधव रिजाल | सदस्य | |
| ६ | तिरथराम थारु | सदस्य | |
| ७ | विष्णुप्रसाद तिवारी | सदस्य | |
| ८ | रामसरन थारु | सदस्य | |
| ९ | दिपकजंग शाह | सदस्य | |
| १० | रेशमबहादुर खत्री | सदस्य | |
| ११ | ठाकुरप्रसाद थारु | सदस्य | |
| १२ | निमवहादुर चलाउने | सदस्य | |
| १३ | कर्णवहादुर थापा | सदस्य | |
| १४ | नैनबहादुर शाही | सदस्य | |
| १५ | ओमप्रकाश वली | सदस्य | |
| १६ | टेकचन हरिजन्र | सदस्य | |
| १७ | पतिराम थारु | सदस्य | |
| १८ | लिलाकुमारी पाण्डे | सदस्य | |
| १९ | नारायणी वली | सदस्य | |
| २० | गिता सुनार | सदस्य | |
| २१ | कल्पना शर्मा | सदस्य | |
| २२ | शान्ति सुनार्नी | सदस्य | |
| २३ | दयाराम वि.क. | सदस्य | |
| २४ | भिमवहादुर नेपाली | सदस्य | |
| २५ | डिलबहादुर परियार | सदस्य | |
| २६ | छविलाल नेपाली | सचीव | |

सहयोगी कर्मचारी

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अग्नीप्रश्मद आर्चार्य | योजना शाखा प्रमुख | |
| | | | |
| | | | |

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.१**

यस कोहलपुर नगरपालिका वडा नं. ११ मा नगर विकास कोषको (Town Development Fund, TDF) ऋण साझेदारीमा निर्माण हुने प्रस्तावित लामो दुरीको बसपार्क निर्माणको लागि नगर विकास समितिको नाममा रहेको कि.नं. २८०(३६-१९-१०.५) मध्येबाट ३९,६०३.४५ वर्ग मिटर जग्गा २५ वर्षको लागि नगर विकास समिति, कोहलपुरसँग निःशुल्क लीजमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्तावित लामो दुरीको बसपार्क निर्माण कार्यको लागि नगर विकास कोष (TDF) सँग ऋण सम्झौता गर्न यस नगरपालिका नगरकार्यपालिकाको तर्फबाट नगर प्रमुख श्री लूटबहादुर रावतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/०५/१६ गते बसेको बैठकले कोहलपुर नगरपालिका वडा नं.२ स्थित सामुदायीक आयुर्वेद एवं प्राकृतिक अस्पतालमा क्वारेन्टाइन तथा आईशोलेशन केन्द्र संचालनको लागि निर्णय भए बमोजिम उक्त अस्पताल संचालन गर्ने योग एवं प्राकृतिक स्वास्थ्य समाज नेपाल कोहलपुर -२ बाट क्वारेन्टाइन तथा आईशोलेशन संचालनको लागि सहमती समेत प्राप्त भएकोले सो केन्द्रमा सो केन्द्रमा आवश्यक पर्ने पूर्वाधार निर्माणको लागि प्राविधिक लागत स्टिमेट अनुसार विपद व्यवस्थापन कोषबाट बजेट व्यहोर्ने गरि योग एवं प्राकृतिक स्वास्थ्य समाज नेपाल कोहलपुर -२, बाँकेसँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस कोहलपुर नगरपालिका , बाँके जिल्लाका अन्य स्थानीय तहहरु र भुमि व्यवस्था कृषि ,तथा सहकारी मन्त्रालय ५नं. प्रदेशको लागत साझेदारीमा निर्माण हुने आधुनिक वधशाला निर्माणको बिस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिमको लागत स्टिमेट अनुसार बहु बर्षिय टेन्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो |

**निर्णय नं. ५**

यस नगरपालिकामा फोहोरमैला प्रशोधन केन्द्र संचालनका लागि जटायु रि-साईकल प्रा.लि.सँग सम्झौता भएकोमा सो सम्झौतामा आधारभूत संरचना (सडक, बिजुली र पानी ) यसै नगरपालिकाले निर्माण गर्ने भन्ने उल्लेख भए बमोजिम प्राविधिक लागत अनुसार तयार गरी आ.व. २०७७/०७८ मा फोहोरमैला प्रशोधन केन्द्र निर्माणका लागि विनियोजित स्वीकृत बजेटबाट भुक्तानी भर्ने गरी निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

कोहलपुर नगरपालिका नगर शिक्षा समितिको २०७७/०४/३२ गते बसेको बैठकले थप तह तथा कक्षा संचालन अनुमति र शिक्षक दरबन्दी मिलान कार्यविधि,२०७६ को संशोधन समबन्धमा गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो|

प्रमुख प्रशासकीय अधिकृत